आज मिति २०८० साल आश्विन २२ गते सोमबारका दिन जैमिनी नगरपालिका नगरप्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा बसेको २३ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नर बहादुर पुन | नगर प्रमुख | |
| २ | श्री हरिहर शर्मा | नगर उपप्रमुख | |
| ३ | श्री विष्णु प्रसाद आचार्य | वडा अध्यक्ष | |
| ४ | श्री प्रेम सापकोटा | वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर भुजेल | वडा अध्यक्ष | — |
| ६ | श्री चक्र बहादुर थापा | वडा अध्यक्ष | |
| ७ | श्री ठग बाहादुर श्रेत्री | वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष | |
| ९ | श्री केन्द्र बहादुर सुनार | वडा अध्यक्ष | |
| १० | श्री बिमल श्रीस राना | वडा अध्यक्ष | |
| ११ | श्री सन्दिप थापा | वडा अध्यक्ष | — |
| १२ | श्री श्रीप्रसाद थापा | वडा अध्यक्ष | |
| १३ | श्री भगवती शर्मा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री चिन्तामणि दर्जी | कार्यपालिका सदस्य | |
| १५ | श्री दुर्गा देवी पाध्या | कार्यपालिका सदस्य | |
| १६ | श्री लाल बहादुर परियार | कार्यपालिका सदस्य | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १७ | श्री भरत बि क | कार्यपालिका सदस्य | |
| १८ | श्री शान्तकला शर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री गीता कुमारी बि क | कार्यपालिका सदस्य | |
| २० | श्री शान्ती सुनार | कार्यपालिका सदस्य | शान्ति |
| | श्री हरि बहादुर भुजेल | सचिव / प्रमुख प्रशासकीय अधिकृत | |

**बैठकका प्रस्तावहरु**

१. विगतका बैठकको समिक्षा ।

२. हाल सम्मको आम्दानी खर्चको विवरण ।

३. सडक सरसफाई

४. समपुरक कोष तर्फका योजनामा बजेट सुनिश्चतता गर्ने बारे ।

५. प्रधानमन्त्री रोजगारका कार्यक्रममा सूचिकृत बेरोजगारहरुको सूचि प्रशासन बारे ।

६. रुपान्तरण पहल आयोजना सञ्चालन गरिने वडाहरुमा योजना छनौट बारे ।

७. लैङ्गिक समानिकरण तथा सामाजिक समावेशीकरण तर्फको विशेष अनुदान सम्बन्धी कार्यक्रम छनौट र अनुमोदन बारे ।

८. जैमिनी नगरपालिकाको करारमा प्राविधिक र श्रेणीविहिन कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यबिधि,२०७८ संसोधन गर्ने बारे ।

९. उपभोक्ता समितिको अभिमुखिकरण कार्यक्रमको कार्यतालिका सम्बन्धी ।

१०.कक्षा ६ मा अध्ययनरत विधार्थीहरुलाई दिवा खाजाको उपलब्ध गराउने बारे ।

११.टेलि मेडिसिन कार्यक्रम सञ्चालन बारे ।

१२.विविध

**निर्णयहरु**

निर्णय न १

प्रस्ताव न १ उपर छलफल गर्दा यस अघि कार्यपालिका बैठकबाट भए गरेका निर्णयहरु कार्यान्वयनमा गएको पाईयो । आगामी दिनमा अझ प्रभावकारी कार्यसम्पादन गर्दै यस न पा मा हालै सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री हरि बहादुर भुजेललाई स्वागत गर्ने निर्णय गरियो ।

निर्णय न २

आ व २०८०।०८१ को हाल सम्मके आय व्यय निम्नानुसार रहेको व्यहोरा प्रस्तुत गरियो ।

| सि. नं. | प्रस्ताव | आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | आ.व. २०८०/८१ को आसोज २१ गते सम्मको आम्दानी तथा खर्च विवरण | समानिकरण अनुदान (सँघ) | २८०००००० | चालू नगरपालिका | ७७७२३०७५.२८ | आ.व २०८०/८१ को आम्दानी रु २३५३५९२९.८८ र चालु निशर्त तर्फ ७७२३०७५.२८ ससर्त अनुदान चालू तर्फ रु ८१२८८५८.१२ पूजिगत निसर्त तर्फ३३२२९९२.०० ससर्त अनुदान पूँजिगत २८९६२७८ गरी जम्मा खर्च रु२२०४३७०३.४० व्यहोरा कार्यपालिकाको बैठकमा जानकारी गराईयो । |
| | | समानिकरण अनुदान (प्रदेश) | | चालू ससर्त | ८१२८८५८.१२ | |
| | | राजश्व वाँडफाँड सँघ | ९१३७४४४.०३ | पूँजिगत नगरपालिका | ३३२२९९२.०० | |
| | | राजश्व वाँडफाँड प्रदेश | १०८७८०६ | ससर्त अनुदान पूँजिगत | २८९६२७८ | |
| | | गत वर्षको अल्या | ६४९७४७०८.८५ | | | |
| | | आन्तरिक आय | ५८८०७१ | | | |
| | | जम्मा | २३५३५९०२९.८८ | जम्मा | २२०४३७०३.४० | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय न ३

प्रस्ताव न ३ उपर छलफल गर्दा नगरभित्रका विभिन्न वडाहरुमा रहेका सडकको सरसफाई गर्नका लागि वडा स्तरीय सडक सरसफाई उपभोक्ता समिति गठन गरि सडक सरसफाई तथा मर्मत सम्भार कोषमा रहेको रकमबाट प्राविधिक ल ई अनुसार काम गर्ने गराउने निर्णय गरियो । सडक सरसफाईको काम गर्दा अपेक्षित जनश्रमदान जुट्न नसक्ने भएकाले सडक सरसफाईको ल ई गर्दा जनश्रमदानलाई अनिवार्य नगर्ने पनि निर्णय गरियो ।

निर्णय न ४

संघीय सरकार र प्रदेश सरकारबाट समपुरक अनुदानको रुपमा प्राप्त निम्नानुसारका योजनामा नगरपालिकाको तर्फबाट विनियोजित समपुरक कोष मार्फत विनियोजन हुने गरि पँचास प्रतिशतले हुन आउने रकम छुट्टाई ठेक्का बन्दोवस्त गर्न लगाउने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | संघ/प्रदेशबाट प्राप्त रकम | जैमिनीबाट थप गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कुस्मिसेरा सर्कुवा व्यारथला केवै हुदै ८ न वडा कार्यालय छिस्ती सडक | ५० लाख | ५० लाख | संघीय समपुरक अनुदान |
| २ | न्वारढिक धल्लु विहारथला हाडिकोट सडक | ५० लाख | ५० लाख | प्रदेश समपुरक अनुदान |

निर्णय न ५

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ ब २०८०।०८१ का लागि सूचिकृत बेरोजगार व्यक्तिहरुको सूचि अध्यावधिक गरी प्राथमिकीकरण सूचि सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय न ६

प्रधानमन्त्री रोजगार कार्यक्रम भित्रको कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी सीप विकास तालिमका लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन गरिने वडाहरुमा सडक मर्मत तथा सम्भार र प्लम्बर तालिम सञ्चालनका लागि योजना छनौट गरि एक हप्ता भित्र रोजगार सम्पर्क केन्द्रमा पठाउने निर्णय गरियो ।

निर्णय न ७

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा नेपाल सरकारबाट विशेष अनुदान स्वरुप प्राप्त ५० लाख बजेटलाई निम्नानुसारका कार्यक्रम गरि कार्यान्वयन गर्न सामाजिक विकास समितिले गरेको निर्णयानुसार गर्ने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| क स | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | लैङ्गिक हिंसा घरेलु हिंसा महिला अधिकार सवाल तथा लै स सा स सम्बन्धी विभिन्न दिवस तथा चेतनामूलक कार्यक्रम | ४००००० |
| २ | अपाङ्गता भएका व्यक्तिहरुको लागि तालिम कार्यक्रम | १००००० |
| ३ | अपाङ्गता सहायता सामाग्री वितरण | ५००००० |
| ४ | महिला तथा दलित जनप्रतिनिधिहरुका लागि २ दिने नेतृत्व विकास तालिम | १५०००० |
| ५ | जेष्ठ नागरिक मिलन केन्द्रका लागि मनारञ्जन सामाग्री वितरण कार्यक्रम | १५०००० |
| ६ | आदिवासी जनजाति सशक्तिकरण तथा आयआर्जन कार्यक्रम | ३००००० |
| ७ | माझी, गन्धर्व, चेपाङ, बोटे जातिका लागि जिविकोपार्जन सहयोगी सामग्री वितरण कार्यक्रम | १००००० |
| ८ | स्थानीय नौमति/ पञ्चेबाजा समूहका लागि पोषाक वितरण कार्यक्रम | १५०००० |
| ९ | अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन | ५०००० |
| १० | बालबालिका प्रतिभा प्रस्फुटन कार्यक्रम (बाल प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम) | १५०००० |
| ११ | बालमैत्री स्थानीय शासन तयारी तथा घोषणा कार्यक्रम | २७००००० |
| १२ | मुस्लिम शिक्षा तथा उत्थान कार्यक्रम | १५०००० |
| १३ | आमा समूहलाई दुना/टपरी बुन्ने मेशिन वितरण कार्यक्रम | १००००० |
| | जम्मा | ५०००००० |

निर्णय नं ८

करारमा प्राविधिक र श्रेणिविहिन कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ मा गर्नुपर्ने संसोधन प्रस्ताव देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

<u>तपशिल:</u>

| सि.नं. | संसोधन गर्नुपर्ने दफा/उपदफा | संशोधनको व्यहोरा |
|---|---|---|
| १ | दफा ४ | प्राविधिक र श्रेणीविहिन कर्मचारी भन्ने वाक्यांशमा प्राविधिक कर्मचारी भन्ने शब्द राखी श्रेणीविहिन कर्मचारी भन्ने वाक्यांश हटाउने । |
| २ | उपदफा ३ | उपदफा ३ (क) शैक्षिक योग्यता वापतको अंकलाई ६० बाट १५ अंक कायम गर्ने जस अनुसार प्रथम श्रेणी वापत १५ अंक, द्वितीय श्रेणी वापत १० अंक र तृतीय श्रेणी वापत ५ अंक<br>(ख) मा स्थानीय वासिन्दाको हकमा १० अंकको अंकभार घटाई ५ अंक कामय गर्ने<br>उपदफा ३ मा (ङ) दफा थप गरी ५० अंकको लिखित परिक्षा सञ्चालन गर्ने |
| ३ | उपदफा ५ थप गर्ने | श्रेणीविहिन कर्मचारीकी हकमा छनौटका आधार देहाय बमोजिम हुनेछः |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | क. न्यूनतम शैक्षिक योग्यता SLC/SEE पास गरेको हुनुपर्नेछ<br>ख. कार्य अनुभव वापत १० (दश) अंक, सम्बन्धित पदमा प्रतिवर्ष २ अंकका दरले (प्रमाणित विवरण संलग्न हुनुपर्ने)<br>ग. स्थानीय वासिन्दालाई देहाय बमोजिम – १० (दश) अंक<br>क. सम्बन्धित वडाको भएमा – १० अंक<br>ख. नगरपालिका भित्रको भएमा – ५ अंक<br>ग. नगरपालिका वाहिर भएमा - ३ अंक<br>घ. अन्तरवार्तामा अधिकतम ३० अंक<br>यस अनुसार अंक प्रदान गर्दा न्यूनतम १२ (बाह्र) र अधिकतम २१ (एक्काईस) को सिमा भित्र रही प्रदान गर्नुपर्नेछ । |
| ४ | दफा ५ | अन्तरवार्ता र सूचीकरण समिति<br>क. प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी – संयोजक<br>ख. प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी – सदस्य<br>ग. नगरपालिकाको विषयगत शाखा प्रमुख – सदस्य सचिव |

निर्णय नं ९

उपरोक्त सम्बन्धमा जैमिनी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा ९ को व्यवस्था बमोजिम कार्यालयले आयोजना अगावै उपभोक्ता समितिका पदाधिकारीको योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था बमोजिम तपशिल बमोजिमको मिति र स्थानमा उपभोक्ता समितिको अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तपिशल

| क स | मिति | स्थान | कैफियत |
|---|---|---|---|
| १ | २०८०/०६/२४ | वडा नं २ | समय ११:३० बजे |
| २ | २०८०/०६/२५ | वडा नं ५, ४ | वडा न ५ मा बिहान १० बजे वडा न ४ मा दिन १:३० बजे |
| ३ | २०८०/०६/२६ | वडा नं ६ | समय ११:३० बजे |
| ४ | २०८०/०६/२७ | वडा नं १ | समय ११:३० बजे |
| ५ | २०८०/०६/२८ | वडा नं ८ | समय ११:३० बजे |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | २०८०/०६/२९ | वडा नं ३ , ७ | समय ११:३० बजे |
| ७ | २०८०/०६/३० | वडा नं ९,१० | वडा न १० बिहान ८ बजे वडा न ९ दिनको ११:३० बजे |

निर्णय न १०

नेपाल सरकारले विगतका बर्षहरुमा विधालयमा अध्ययनरत कक्षा ६ का विधार्थीलाई दिवा खाजा उपलब्ध गराउदै आएकोमा यस बर्ष देखि उक्त कार्यक्रम कटौती हुदाँ विधार्थीको पठन पाठन र बाल बालिकाको पोषण स्थिनिमा समेत असर पर्ने देखिएकाले नेपाल सरकारबाट विशेष अनुदानमा बहु क्षेत्रिय पोषण कार्यक्रम लागि प्राप्त रकमबाट खर्च गर्ने सैद्धान्तिक सहमति दिइयो ।

निर्णय न ११

प्रविधिमैत्री उपचार सेवा एंव टेलि मेडिसिन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्थापकीय तयारी गर्न स्वास्थ्य शाखा लगाउने निर्णय गरियो ।

निर्णय न १२

नगरपालिकाको एकिकृत स्वास्थ्य प्रणाली विकास गर्न आवश्यक अध्ययन गरि पेश गर्ने निर्णय गरियो ।

२०८०/६/१२

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत